# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# मेलम्ची, सिन्धुपाल्चोक

**मिति २०८० माघ २६ गतेको नगर कार्यपालिकाको बैंठकका एजेण्डा :**

१. अघिल्लो कार्यपालिका बैंठकको समीक्षा सम्बन्धमा ।
२. आर्थिक प्रशासन शाखाबाट पेश भएको प्रतिवेदन सम्बन्धमा ।
३. प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग सम्बन्धमा ।
४. भेरियशन स्वीकृत गर्ने सम्बन्धमा ।
५. अनुगमन प्रतिवेदन सम्बन्धमा ।
६. राष्ट्रिय सतर्कता केन्द्रको प्राविधिक लेखा परीक्षण सम्बन्धमा ।
७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र सम्बन्धमा ।
८. नगर सभा सम्बन्धमा ।
९. मौजुदा ऐन, नियम तथा कार्यविधि सम्बन्धमा ।
१०. उपभोक्ता समितिको म्याद थप सम्बन्धमा ।
११. २५/७५ श्रम साझेदारी सिंचाई योजना छनौट सम्बन्धमा ।
१२. सामुदायिक वनको कार्यालयको लागि कोठा उपलब्ध गराउने सम्बन्धमा ।
१३. सहकार्य सम्बन्धमा ।
१४. आर्थिक सहायता सम्बन्धमा ।
१५. प्राथमिक स्वास्थ्य केन्द्रबाट माग भएको बजेट सम्बन्धमा ।
१६. बैक जमानत खिची कालो सूचीमा समावेश गर्न सिफारिस गर्ने सम्बन्धमा ।
१७. अगुवा कृषक भेला सम्बन्धमा ।

## ३६ औं नगर कार्यपालिकाका निर्णयहरु ;

**निर्णय नं ३६.१ :** मेलम्ची नगर कार्यपालिकाको मिति २०८०/१०/०४ गते बसेको नगर कार्यपालिकाको बैंठकबाट भएका तपसिल बमोजिमको निर्णय कार्यान्वयनको सम्बन्धमा बुँदागत रुपमा समीक्षा गरियो ।

**तपसिल :**

क. स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (Local Level Institutional Capacity Self-Assessment- LISA) कार्यविधि, २०७७ मा उल्लेख भएका सूचकहरुको आधारमा आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाबाट सम्पादन भएका कार्यगत सूचकहरुको स्वमुल्याङ्कन गरी अङ्कको पुनरावलोकनको लागि जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकलाई कार्यपालिकाबाट निर्णय गरी पठाइएकोमा उक्त बमोजिम नतिजा प्राप्त भई नतिजा सार्वजनिक भएको ।

ख. स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कन (FRA) मा उल्लेख भएका सूचकहरुको आधारमा आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाबाट सम्पादन भएका कार्यगत सूचकहरुको स्वमुल्याङ्कन गरी यस नगरपालिकाले प्राप्त गरेको ९४.५० (चौरानब्बे दशमलब पचास)अङ्कको पुनरावलोकन गरी जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकबाट प्राप्त भएको निर्णयको सम्बन्धमा कार्यपालिकालाई जानकारी गराइयो ।

ग. मिति २०८०/१०/०४ गतेको नगर कार्यपालिका बैंठकबाट संशोधित ३ वटा योजना तथा कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेको जानकारी गराइयो ।

घ. अन्तरपालिका बैंठकको निर्णय बमोजिम विपद् व्यवस्थापनको सम्बन्धमा भएको निर्णय कार्यान्वयनको लागि शाखालाई निर्देशन गरियो ।

**निर्णय नं ३६.२ :** चालु आर्थिक वर्ष २०८०/०८१ को श्रावण देखि हालसम्म नगरपालिकाबाट भएको चालु तथा पुँजिगत खर्चको वडागत रुपमा प्रगती प्रतिवेदन आर्थिक प्रशासन शाखाबाट प्रस्तुत भई उक्त विषयमा लक्ष्य अनुरुपको प्रगती हाँसिल गर्न नगरपलिका तथा मातहतका सबै अंङ्गहरु परिचालन हुन नगर प्रमुखबाट आवश्यक निर्देशन गर्ने कार्य भयो ।

**निर्णय नं ३६.३ :** मेलम्ची नगरपालिकाको स्वीकृत कर्मचारी संगठन संरचना बमोजिम रिक्त रहेका पदको पदपुर्तीको लागि मिति २०८०/१०/२१ गते प्रदेश लोकसेवा आयोगलाई पठाईएको संलग्न **अनुसूची-१** बमोजिमको माग आकृती फारम सम्बन्धी निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३६.४ :** मेलम्ची नगरपालिकाबाट विगतका आ.व. मा बोलपत्र आव्हान भई केही निर्माणाधिन अवस्थामा रहेका, केही निर्माण सम्पन्न भई अन्तिम भुक्तानी गर्न बाँकी रहेका तपसिलका योजनाहरुको भेरियशन स्वीकृतिको लागि सम्बन्धित योजना हेर्ने प्राविधिक ई.श्री जित बहादुर कार्कीबाट पेश भएको प्राविधिक प्रतिवेदनमा उल्लिखित विवरणको आधारमा तत्कालको अवस्थामा सिर्जना भएको गतिरोधलाई अन्त्य गरी कार्यान्वयनमा रहेका योजनाहरुको लक्ष्य प्राप्ति गर्न एवम् उक्त योजनाहरुमा देखिएका विद्यमान समस्याहरुको बाधा अड्काउ फुकाउनका लागि बोलपत्रदाताहरुबाट पेश भएका बैंक जमानतमा उल्लिखित जमानत अवधी किटान गरी अवधी थप गर्नु पर्नेको हकमा अवधी थप गराई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले परिवर्तित लागत अनुमान, डिजाईनमा रहेको बाधा अड्काउ फुकाउ गर्ने र प्राविधिकबाट पेश भएको प्रतिवेदन बमोजिमको भेरियशन स्वीकृत गर्ने निर्णय गरियो । साथै, हाल कार्यरत प्रमुख प्रशासकीय अधिकृत मिति २०८०/०५/१२ गते मात्र हाजिर भएको र संलग्न ठेक्कामा रहेको भेरियशन

निज हाजिर हुन भन्दा अगाडी नै कार्य भईसकेकाले, उत्पन्न समस्याको समाधान गर्न, प्राविधिक प्रतिवेदनको आधारमा यस कार्यपालिकाको बैंठकमा पेश भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.सं. | योजनाको नाम | स्वीकृत ठेक्का रकम रु. | भेरियशन | | | समग्रमा भेरियशन प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | बढी भएको | कम भएको | समग्रमा भएको | |
| १ | MMSI/WORKS/NCB/2077-78/26 Construction of Melamchi Primary Hospital Building | १५,९१;८५,७१८।०८ | ८०,९०,९३२।८० | ५२,७१,४५०।- | २८,१९,४८२।८० | १.७७% |
| २ | MMSI/WORKS/NCB/2077-78/40 Construction of Ban Karyalaya Helambu Sadak | ३,५५,७३,४९७।९५ | १७,४०,३७४।३७ | ५४,८१,४१८।७० | -३७,४१,०४९।३३ | -१०.५२ |
| ३ | MMSI/WORKS/NCB/2078-79/24 Slope Stabilization Works at Melamchi Primary Hospital Premises, Melamchi-11, Sindupalchok | २,४९,९५,७३२।- | .६,९५,९०९।३७ | १९,१४,०१४।३४ | -१२,१८,१०४।९७ | -४.८७ |
| ४ | MMSI/WORKS/NCB/2078-79/34 Construction of Community Training Center at Dhaule | २,३०,७१,५१०।०८ | १४,८६,५४६।९१ | ४९,२१,३७८।२४ | ३४,३४,८३१।३३ | -१४।८९ |

प्रस्तुत योजनाको कार्यान्वयनको चरणमा भएको भेरियशनको सम्बन्धमा इन्जिनियर श्री जित बहादुर कार्कीबाट पेश भएको प्रतिवेदनको संक्षिप्त विवरण :

१. **<u>Construction of Melamchi Primary Hospital Building (MMSI/WORKS/NCB/2077-78/26) :</u>**

मेलम्ची नगरपालिका वडा नं ११ स्थीत धितालवेंशीमा मेलम्ची प्राथमिक अस्पताल निर्माणको लागि ई-बिड मार्फत बोलपत्र आब्हान भई यस नगरपालिका र निर्माण कम्पनि श्री Surya Chandra/ Prera JV बीच ठेक्का नं MMSI/WORKS/NCB/2077-78/26 को Construction of Melamchi Primary Hospital Building को मिति२०७७/१२/१७ मा सम्झौता भई कार्यादेश दिईएकोमा निर्माण कम्पनीले यस नगरपालिकाको स्वीकृत मास्टर प्लान तथा सम्झौता बमोजिम निर्माण कार्य गर्ने क्रममा उक्त स्थानको भौगोलिक जटिलता, माटोको अबस्था जस्ता कारणले मास्टर प्लान परिबर्तन गर्नु पर्ने र हालको प्रस्तावित प्लान बमोजिम निर्माण गराउँदा साइटमा तपसिल बमोजिमको भेरिएशन भएको र उक्त अनुसार संलग्न आइटम बमोजिमको भेरिएशन गर्दा दीर्घकालीन रुपमा अस्पताललाई फाइदा पुग्नुको साथै बोलपत्रका क्रममा केहि आइटमहरु छुट हुन गएकोले उक्त कार्य तत्काल नगरे

अस्पताल निर्माण सम्पन्न गरी संचालनमा ल्याउन कठिनाइ हुने भएकोले भेरियशन गर्नु परेको भनी प्रतिवेदनमा उल्लेख छ।

## तपसिल

**क. डाक्टर आबास :**

स्वीकृत मास्टर प्लान बमोजिम डाक्टर आवास मुख्य भवनको माथिल्लो तर्फको जमिनमा रहेकोमा हाल साइट तयार गर्दा उक्त स्थानमा जमिन भिरालो भएको र उक्त भिरालो जमिन संरक्षण गर्नको लागि नगर कार्यपालिकाले निर्णय गरी स्लोप नियन्त्रणको कार्य समेत भएकोले डाक्टर आवास निर्माणको लागि प्रयाप्त जग्गा नभएकोले हाल निर्माणाधिन मुख्य भवनको टपमा निर्माण गर्नु पर्ने देखिन्छ र उक्त कार्यबाट नगरपालिकालाई थप आर्थिकभार नपर्ने भनी प्रतिवेदनमा उल्लेख छ।

**ख. बाउन्ड्री वालको डिजाइन परिबर्तन:**

बाउन्ड्रीवालको डिजाइन बमोजिम ६ फिट वाल र माथि फलामको घेरा राखिएकोमा उक्त स्थानको तल्लो तर्फ जमिन सतहबाट ६ मि माथि नै रहेको र प्राबिधिकरुपमा टेवा पर्खालमा थप लोड पनि हुने हुँदा बाउन्ड्री वालको उचाई घटाउनु पर्ने देखिन्छ र उक्त कार्यबाट नगरपालिकालाई थप आर्थिकभार नपर्ने भनी प्रतिवेदनमा उल्लेख छ।

**ग. मुख्य भवनको पछाडी तर्फ टेवा पर्खाल निर्माण:**

मुख्य भवनको पछाडी तर्फ लागत अनुमान तयार गर्दाको स्थिति भन्दा भूगोलमा थप जटिलता देखिएको, र्याम्प निर्माण गर्दा भित्ताबाट पहिरो आएको र भित्ताको वाल निर्माण गर्नुपर्ने उचाई समेत बढेको देखिएकोले सम्झौता बखतको प्लमवालको डिजाइन परिबर्तन गर्नु पर्ने देखिएकोले परिवर्तित डिजाइन बमोजिम कार्य गराउँदा थप परिमाणको प्लमवाल आबश्यक रहेको र उक्त प्लम वाल तत्काल निर्माण नगर्दा अस्पतालको मुख्य भवन नै जोखिममा पर्ने र बर्षातमा थप क्षति हुने देखिएकाले उक्त वाल निर्माण गर्न कुल ९४६.८४ घन मिटर चाहिने देखिएकोमा ३२० घमि रहेकोले ७१६.८४ घ.मि. थप गर्नु पर्ने त्यसको लागि कन्ट्रयाक्टरको रेट बमोजिम प्रति घमी रु.६७८०.०० (भ्याट सहित) को दरले रु. ४२,४९,९७५.२० थप रकम आबश्यक पर्ने भनी प्रतिवेदनमा उल्लेख भएको छ।

**घ. स्टोन मेसिनरी वाल निर्माण:**

बाउन्ड्रीमा प्रयोग हुने ढुंगाको प्रोटेक्सन वाल निर्माण गर्ने क्रममा BOQ मा उल्लेख भएको परिमाणले नपुग हुने हुँदा उक्त कार्य समेत तत्काल गर्नु पर्ने र त्यसको लागि कुल १८५०.५ घ.मि. परिमाणको वाल आबश्यक रहेको तर BOQ मा १५०० घमि रहेकोले ३५०.५ घ.मि. थप गर्नु पर्ने त्यसको लागि कन्ट्रयाक्टरको रेट बमोजिम प्रति घमी रु.६७८० भ्याट सहितको दरले रु. २३,६७,३९०.०० थप रकम आबश्यक पर्ने भनी प्रतिवेदनमा उल्लेख छ।

**ङ. र्याम्पको डिजाइन परिबर्तन:**

निर्माणाधीन मुख्य भवनको पछाडी तर्फ माटो काट्ने क्रममा माथि सामुदायिक बन रहेको, जमिन धेरै नै भिरालो रहेको, थप जमिन काट्दा भिरालो हुने र पहिरोको जोखिम बढ्ने हुँदा डिपीआर मा उल्लेख भए बमोजिम स्पेस नआएकोले उक्त स्थानको भवनको संरचना समेत परिबर्तन गर्नु पर्ने र स्वीकृत र्याम्प समेत

परिबर्तन गरी एक तर्फ बनाउनु पर्ने । यसो गर्दा समग्रमा केहि परिमाणका कार्य बचत हुने भनी प्रतिवेदनमा उल्लेख छ।

**च. स्टोन सोलिङग थप:**

निर्माणाधीन अस्पतालको हाता तथा पार्किङ्गस्थल भित्र ब्लक बिछ्याउने स्थानमा ढुंगाको सोलिङ्ग ४०.८४ घ.मि. मात्र रहेकोले र उक्त स्थान बर्षातमा जमिन मुनिबाट पानि पलाउने, जमिन फिलिंगमा रहेको हुँदा ३०० घ.मि. आबश्यक देखिएकोमा २५९.१६ घमि आबश्यक थप गर्नु पर्ने र त्यसको लागि कन्ट्रयाक्टरको रेट बमोजिम प्रति घमी रु.२२६० भ्याट सहितको दरले रु.५,८५,७०१.६०थप रकम आबश्यक पर्ने भनी प्रतिवेदनमा उल्लेख छ।

**छ. इट्टाको वाल निर्माण :**

निर्माणाधीन अस्पतालको भित्रि पार्टेसन वाल एल्मुनियमको रहेकोमा इलेक्ट्रिकल वाइरिङ्ग गर्दा लिस्टी राख्दा बिजुलीको जोखिम हुने भएकाले इट्टाको पार्टेशनको कार्य गर्न आवश्यक रहेको र उक्त कार्यले थप आर्थिक भार नपर्ने भनी प्रतिवेदनमा उल्लेख छ।

**ज. नाला निर्माण:**

निर्माणाधीन अस्पतालको हाताको पछाडी तर्फ माथिबाट आएको पानी तर्काउने नाला निर्माणको लागि प्लमको नाला निर्माण गर्नु पर्ने भएकोले प्रस्तावित डिजाइन बमोजिम १२९.६ घमी प्लम नाला आबश्यक रहेकाले थप नाला निर्माणको लागि कन्ट्रयाक्टरको रेट बमोजिम प्रति घ.मि. रु.६७८० (भ्याट सहित) को दरले रु. ८,७८,६८८.०० थप रकम आबश्यक पर्ने भनी प्रतिवेदनमा उल्लेख छ।

यसरी समग्रमा प्रतिवेदनमा उल्लेख भए बमोजिम अस्पताल निर्माण कार्य प्रगतिको विश्लेषण गर्दा सम्झौता बमोजिमको BOQ मा उल्लेख गरेको परिणाम भन्दा थप रु.८०,९०,९३२.८०(भ्याट सहित) को कार्य गर्नु पर्ने देखिन्छ भने घटी हुने कार्यको आकलन गर्दा रेंफोसमेन्ट, बाउन्ड्री वाल र र्याम्पको परिमाण हिसाब गर्दा रु. ५२,७१,४५०.०० (भ्याट सहित) रकम बचत हुने देखिएकोले कुल सम्झौता रकम रु १५,९१,८५७१८.०८(भ्याट सहित) रहेकोमा हालको भेरियशन रकम रु.२८,१९,४८२.८० (भ्याट सहित) आवश्यक देखिएको र उक्त भेरियशन सम्झौता रकमको १.७७ % हुन आउने भनी उल्लेख छ।

## २. Construction of Ban karyalaya Helambu Sadak Blacktop (MMSI/WORKS/NCB/2077-78/40) :

मेलम्ची नगरपालिका वडा नं ११ स्थित मेलम्ची बजारबाट वन कार्यालय हुँदै नगरपालिका हेलम्बु मार्ग सम्म जोड्ने सडक निर्माणको लागि ई-बिड मार्फत बोलपत्र आब्हान भई यस मेलम्ची नगरपालिका र निर्माण कम्पनि श्री उमा एण्ड कम्पनि/टक्सार जेभी बीच ठेक्का नं MMSI/WORKS/NCB/2077-78/40 को Construction of Ban karyalaya Helambu Sadak Blacktop को सम्झौता भई कार्यादेश दिईएकोमा निर्माण कम्पनीले सम्झौता बमोजिम निर्माण कार्य गर्ने क्रममा सम्झौता बमोजिम BOQ मा उल्लेख भएको आइटमहरुको परिमाणमा केहि थपघट भएको छ । निर्माणस्थलको साइटको अबस्थाको कारण BOQमा उल्लेखित परिमाण भन्दा थप परिमाणको कार्य गरी भुक्तानी भएका रनिङ्ग बिलहरुको भेरियशन तालिका तयार गरी सम्झौताको General condition of Contract(GCC) नं ४५.१(a) मा

उल्लेख गरिएको शर्त बमोजिम परीक्षण गर्दा कुनै पनि आइटमले प्रारम्भिक सम्झौता रकममा २(दुई) प्रतिशत ननाघेको देखिएकोले उक्त आइटममा नयाँ रेट नेगोशेसन गर्नु नपर्ने भनी प्रतिवेदनमा उल्लेख छ ।

संलग्न प्रतिवेदन, प्राबिधिक नापजाँच प्रतिबेदन बमोजिम कार्य गर्दा सडक चौडा गर्ने क्रममा जगाको बिबाद, केहि चेनेजमा सडकको सेन्टरलाइन परिबर्तन भई सुरुको लागत अनुमानमा उल्लेख भएको भन्दा भौगोलिक अबस्थामा फेरबदल लगायतको कारणले गर्दा कार्य सम्पादनको क्रममा केहि परिमाण थपघट भएको र उक्त अवस्थामा पनि मेलम्ची बजार देखि नगरपालिकाको प्रशासकीय भवन सम्म पक्कि सडक निर्माण गर्ने कार्य सम्पन्न भई सडक सुचारु भएकोले कार्यालयको उद्देश्य प्राप्त भएको भनी उल्लेख छ । उक्त कार्यबाट कार्यालयलाई सम्झौता भन्दा थप आर्थिकभार नपर्ने हुँदा मिति २०८० साल कार्तिक महिनामा कार्य सम्पन्न भई प्राविधिक रुपमा नापँजाँच भएर प्राप्त भएको कार्य सम्पन्न प्रतिवदेन जाँचपास गर्न मनासिव रहेको भनी प्रतिवेदनमा उल्लेख भएकाले उक्त अवधी सम्मको बैक जमानतको अवधी निर्माणकर्ताबाट थप गराई भुक्तानी गर्नको लागि प्रतिवेदन बमोजिम पेश भएको भेरियशन स्वीकृत गर्ने निर्णय गरियो ।

३. **Slope stabilization Works at Melamchi Primary Hospital Premises, Melamchi-11, Sindupalchok (MMSI/WORKS/NCB/2078-79/24) :**

मेलम्ची नगरपालिका वडा नं ११ स्थीत धिताल बेसिमा निर्माणाधीन मेलम्ची प्राथमिक अस्पतालमा भित्ताको संरक्षण गर्नको लागि ई-बिड मार्फत बोलपत्र आब्हान भई यस नगरपालिका र निर्माण कम्पनि श्री GS Engineering and Construction Pvt. Ltd बीच ठेक्का नं MMSI/WORKS/NCB/2078-79/24 को Slope stabilization Works at Melamchi Primary Hospital Premises, Melamchi-11, Sindupalchok को मिति २०७९/१२/१९ मा सम्झौता भई कार्यादेश दिईएकोमा निर्माण कम्पनीले सम्झौता बमोजिम निर्माण कार्य गर्ने क्रममा मिति २०८०/०५/१५ मा गएको पहिरोको कारण कार्यस्थल अबरुद्ध भएकोले उक्त पहिरोको कारण आएको ढुंगा माटो हटाउनको लागि स्थलगत नाप जाँच गर्दा र भिरको स्लोप मिलाउँदा आउने थप माटो हटाउने र उक्त स्थानमा जोखिम बढेको हुँदा भित्ता संरक्षणका लागि भेरिएशनको कार्य अनिबार्य गर्नु पर्ने साथै उक्त कार्यबाट थप आर्थिक भार नगरपालिकालाई नपर्ने भनी प्रतिवेदनमा उल्लेख छ ।

४. **MMSI/WORKS/NCB/2078-79/34 को Construction of Community Training Center at Dhaule (MMSI/WORKS/NCB/2078-79/34) :**

मेलम्ची नगरपालिका वडा नं ११ , ६ र ५ को संगमस्थल धौलेमा सामुदायिक तालिम केन्द्र निर्माण गर्नको लागि ई-बिड मार्फत बोलपत्र आब्हान भई यस मेलम्ची नगरपालिका र निर्माण कम्पनि श्री शान्तिदेबी इफाता जेभी बीच ठेक्का नं MMSI/WORKS/NCB/2078-79/34 को Construction of Community Training Center at Dhaule मिति २०७९/०२/१८ मा सम्झौता भई कार्यादेश दिईएकोमा निर्माण कम्पनीले निर्माण कार्य गर्ने क्रममामा BOQ उल्लेख भएको आइटमको परिमाणमा केहि थपघट भएको र निर्माणस्थलको साइटको अबस्थाको कारण BOQ मा उल्लेखित परिमाण भन्दा थप परिमाणको कार्य गरी भुक्तानी भएका रनिङ्ग बिलहरुको भेरिएशन तालिका तयार गरी सम्झौताको General condition of Contract(GCC) नं ४५ १ (a) मा उल्लेख गरिएको शर्त बमोजिम परीक्षण गर्दा कुनै पनि आइटमले प्रारम्भिक सम्झौता रकममा २ (दुई)प्रतिशत ननाघेको देखिएकोले उक्त आइटममा नयाँ रेट नेगोशेसन गर्नु नपर्ने साथैBOQ मा केहि आइटम छुटेको हुँदा सो नयाँ आइटमहरुको रेट नेगोसेट

गरी भेरिएशन तालिका बमोजिम कार्य भएकोले संलग्न प्राबिधिक नापजाँच प्रतिबेदन बमोजिम कार्य गर्दा कार्यालयको उद्देश्य अनुरुप एक तल्लाको तालिम केन्द्र मिटिंगहल,क्यान्टिन ,ट्वाइलेट पूर्णरुपमा संचालन हुने र कार्यालयलाई समेत सम्झौता रकम भन्दा थप आर्थिक भार नपर्ने हुँदा उक्त अनुसार बमोजिम कार्य सम्पन्न गरी जाँचपास गर्न आवश्यक देखिएको भनी प्रतिवेदनमा उल्लेख छ।

**निर्णय नं ३६.५ :** नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट चालु आर्थिक वर्ष २०८०/८१ को श्रावण देखि हालसम्म संचालन भएको योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षण गरी तयार भएको प्रतिवेदन संयोजक उपप्रमुख श्री उमा प्रधान र सदस्य सचिव योजना तथा अनुगमन शाखा प्रमुख श्री राम कुमार के.सी.बाट कार्यपालिकामा प्रस्तुत भई उक्त प्रतिवेदन अनुमोदन गरियो।

**निर्णय नं ३६.६ :** मेलम्ची नगरपालिका आधारभुत अस्पताल (१५ शैया) को भवन पछाडी उक्त भवन संरक्षण गर्न भएको स्लोप प्रोटेक्शनको बोलपत्र बमोजिमको कार्य सम्पन्न भई उक्त योजनामा भेरियशन समेत देखिएको अवस्थामा उक्त कार्यको प्राविधिक परीक्षणकबाट प्राविधिक परीक्षण गर्नको लागि राष्ट्रिय सतर्कता केन्द्रलाई अनुरोध गरिएकोमा सो कार्यको लागि राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाडौबाट प्राप्त पत्र बमोजिम अनुमानित रकम रु ४,००,०००।– (चार लाख रुपैया मात्र) नगरपालिकाको सोही ठेक्काको कन्टेन्जेन्सी शीर्षकमा रहेको रकमबाट खर्च लेख्ने निर्णय गरियो।

**निर्णय नं ३६.७ :** अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंबाट प्राप्त पत्रका सन्दर्भमा आवश्यक छलफल भई तपसिल बमोजिम निर्णय गरियो।

**तपसिल :**

क. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको मिति २०८०/०९/२४, चलानी नं ३५२५७ को पत्रबाट मेलम्ची नगरपालिका वडा नं १, ३, ४, ५ र १२ का सार्वजनिक जग्गा, खोला, वन जंगल तथा नीजि जग्गामा खानी तथा भु-गर्भ विभागबाट स्वीकृती नलिइ अवैध रुपमा ढुङ्गा उत्खनन् तथा खानी संचालनको सम्बन्धमा छानविन गरी प्रतिवेदन सहित राय प्रतिक्रिया पठाउने भनी लेखि आएको सन्दर्भमा यस नगरपालिकामा गठित छानबिन समितिले तयार गरेको प्रतिवेदन संलग्न गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंलाई पठाउने निर्णय गरियो।

**निर्णय नं ३६.८ :** मेलम्ची नगरपालिकाको नगर सभाको १५ औं अधिवेशन २०८० साल फाल्गुण ११ गते, शुक्रबारको दिन, मेलम्ची नगरपालिकाको सभाहलमा गर्ने निर्णय गरियो।

**निर्णय नं ३६.९ :** मेलम्ची नगरपालिकाबाट हालसम्म स्थानीय राजपत्रमा प्रकाशित भई जारी भएका ऐन, नियम तथा कार्यविधिमा आवश्यक संशोधनको लागि सम्बन्धित विषयगत समितिका संयोजकले समितिमा छलफल गराई पेश संशोधन प्रस्ताव गर्ने निर्णय गरियो।

**निर्णय नं ३६.१० :** मेलम्ची नगरपालिकाबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि हालसम्म उपभोक्ता समिति गठन नभएका तथा हुने चरणमा रहेका योजना तथा कार्यक्रमको लागि सम्झौताको लागि मिति २०८० साल फाल्गुण मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं ३६.११ :** मेलम्ची नगरपालिकाबाट स्वीकृत २५/७५ श्रम साझेदारीको सिंचाई योजनाहरु कार्यान्वयनका सम्बन्धमा वडाबाट प्राप्त देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने र उक्त योजना कार्यान्वयनका सम्बन्धमा निर्णय नं ११ मा भएको निर्णय बमोजिमको अवधिभित्र सम्झौता सम्पन्न गर्नु पर्ने निर्णय गरियो।

**तपसिल :**

| सि.नं | योजनाको नाम | ठेगाना/वडा | न.पा. व्यहोर्ने रकम रु |
|---|---|---|---|
| १ | बोक्सेखोला भुजुङे सिंचाई कुलो | मेलम्ची-१ | ३,००,०००।- |
| २ | गैरी आम्बोटे सिंचाई कुलो | मेलम्ची-१ | ३,००,०००।- |
| ३ | पधेंरा खोला च्यानर् खेत कुलो मर्मत | मेलम्ची-२ | २,००,०००।- |
| ४ | सुयलछाप बस्तीको महादेव खोला घट्टेरुम्टो गैरी अर्चले कुलो मर्मत | मेलम्ची-२ | २,००,०००।- |
| ५ | काठे खोला रातेमाटे ठुलोखेत सिंचाई कुलो मर्मत | मेलम्ची-२ | २,००,०००।- |
| ६ | बिउलेनी सिंचाई कुलो मर्मत | मेलम्ची-३ | २,००,०००।- |
| ७ | हङगेल फाँट सिंचाई योजना | मेलम्ची-३ | २,००,०००।- |
| ८ | गणाहाखोला बगरखेत सिंचाई कुलो | मेलम्ची-४ | ६,००,०००।- |
| ९ | खहरे सिम्ले सिंचाई | मेलम्ची-५ | ६,००,०००।- |
| १० | कालीरुम्टा बाघखोर सिंचाई | मेलम्ची-७ | ४,५०,०००।- |
| ११ | पानीनाम्के खेत सिंचाई | मेलम्ची-७ | १,५०,०००।- |
| १२ | गोरखनाथ टोल सिंचाई | मेलम्ची-८ | २,००,०००।- |
| १३ | खरानी खोल्सा अर्चले सिंचाई | मेलम्ची-८ | २,००,०००।- |
| १४ | दामसिंह खोला भुजेल खेत खराने खोल्सी सिंचाई | मेलम्ची-८ | २,००,०००।- |
| १५ | खराने खोला सुनढुङ्गा फाँट सिंचाई (साविक ८ नं) | मेलम्ची-९ | २,६५,०००।- |
| १६ | अधेंरीखोला डाँडासरो बाँझेफाँट सिंचाई (साविक ५ नं) | मेलम्ची-९ | ३,००,०००।- |
| १७ | महाँकाल खोला फलामे सिंचाई | मेलम्ची-९ | ३५,०००।- |
| १८ | ठुलोसिम खोला पैरा फाँट सिंचाई कुलो | मेलम्ची-१० | १,५०,०००।- |
| १९ | गैरी काभ्रे सिंचाई कुलो मर्मत | मेलम्ची-१० | १,५०,०००।- |
| २० | सहरे बेशी फलामे फाँट कुलो मर्मत | मेलम्ची-१० | १,५०,०००।- |
| २१ | कमेरेखानी लोसे सिंचाई कुलो मर्मत | मेलम्ची-१० | १,५०,०००।- |
| २२ | घट्टेखोला सुन्दरेपाटा कान्ले सिंचाई | मेलम्ची-११ | ६,००,०००।- |
| २३ | माझीखेत गिरान्चौर सिंचाई कुलो मर्मत | मेलम्ची-१२ | ३,००,०००।- |
| २४ | भुत्तेखोला माईटार सिंचाई मर्मत | मेलम्ची-१२ | ३,००,०००।- |

| | | | |
|---|---|---|---|
| २५ | डुडामुख चिसापानी जयले सिंचाई | मेलम्ची-१३ | ३,००,०००।- |
| २६ | मुलकुलो सिंचाई कुली सिम्ले | मेलम्ची-१३ | ३,००,०००।- |
| २७ | भट्टार खोला नौबिसे ठाँटी सिंचाई कुलो | मेलम्ची-६ | ३,००,०००।- |
| २८ | दौउचे भोटेबेशी ठुलोखेत सिंचाई कुलो | मेलम्ची-६ | ३,००,०००।- |

**निर्णय नं ३६.१२ :** ढुडेखोला सामुदायिक वनको क्षेत्रभित्र मेलम्ची नगरपालिका र डुडेखोला सामुदायिक वन उपभोक्ता समितिबीच आपसी सहमति भई निर्माण भएको तरकारी संकलन केन्द्रको भवनमा रहेको कोठाहरुमध्ये एक कोठा उक्त वन उपभोक्ता समितिको कार्यालय संचालन गर्ने गरी उपलब्ध गराउने सहमती भएकाले एक कोठा कार्यालय संचालनलाई उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ३६.१३ :** मिति २०८०/१०/०५ गते संचालन हुने गरी तय भएको नगरसभाको पूर्व मिति २०८०/१०/०४ गते बसेको नगर कार्यपालिकाको बैंठकबाट नगरसभा संचालनको लागि तयारी पुरा नभएको साथै थप विषयहरुमा आवश्यक छलफल गर्न समय अपुग रहेको भन्दै स्थगित भएको नगर सभाको १५ औं अधिवेशनको सन्दर्भमा नगरपालिकाभित्रका समग्र गतिविधिहरु संचालन तथा व्यवस्थापन गर्न आपसी समझदारी, एकता र सहकार्यको पद्धतिलाई अंगालेर सुशासन कायम गर्दै नगरवासीहरुमा नजिकको सरकारको बलियो उपस्थिति देखाउने गरी कार्यसम्पादन गर्न नगर कार्यपालिका तथा मातहतका सबै अङ्गहरु संचालन गर्न गराउन प्रतिवद्धता व्यक्त गर्दछौं।

**निर्णय नं ३६.१४ :** मेलम्ची नगरपालिका वडा नं ११ निवासी श्री प्रदिप तामाङ, ब्रेनट्यूमर भई काठमाडौं मेडिकल कलेजमा उपचाररत रहेको र निजको आर्थिक अवस्था अत्यन्तै दयनीय भएकाले निजको उपचारको लागि विपद् व्यवस्थापन कोष (संचालन) कार्यविधि, २०७८ को दफा ७ को उपदफा (२ ) बमोजिम रु ५०,०००।–(पचास हजार रुपैया मात्र) नगरपालिकाको विपद् व्यवस्थापन कोषमा रहेको रकममध्येबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ३६.१५ :** मिति २०८०/१०/२७ गते देखि मनाउने तामाङ तथा गुरुङहरुको महान चाड सोनाम ल्होसारको उपलक्ष्यमा सम्पूर्ण नगरबासीहरुको सुस्वास्थ्य, दीर्घजीवन एवम् उत्तरोत्तर प्रगतीको कामना सहित मिति २०८०/१०/२८ गते, आइतबारका दिन मेलम्ची नगरपालिका क्षेत्रभित्रका सबै सरकारी कार्यालय, शैक्षिक संघ संस्थाहरुलाई सार्वजनिक बिदा दिने निर्णय गरियो।

**निर्णय नं ३६.१६ :** मेलम्ची नगरपालिकाबाट चालु आर्थिक वर्षमा कार्यान्वयन हुने गरी स्वीकृत भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु संशोधन गर्न आवश्यक रहेको भनी वडा समितिबाट सिफारिस प्राप्त भएकाले तपसिल बमोजिम संशोधन गर्ने निर्णय गरियो।

**तपसिल :**

| हाल रहेको योजना तथा कार्यक्रमको विवरण | | | संशोधन गरिएको योजना तथा कार्यक्रमको विवरण | | |
|---|---|---|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रमको नाम र ठेगाना | रकम रु. | सि.नं. | योजना तथा कार्यक्रमको नाम र ठेगाना | रकम रु. |
| १ | काब्राको बोट चौतारी तथा | ७,००,०००।- | १ | काब्राको बोट चौतारी | ७,००,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | मन्दिर निर्माण, मेलम्ची-२ | | | निर्माण, मेलम्ची-२ | |
| २ | डिहीटोल कुवा संरक्षण तथा सिडी निर्माण, मेलम्ची-१ | २५०,०००।- | २ | विद्युत हाइटर्न्सन लाईन स्थानान्तरण, मेलम्ची-१ | २,५०,०००।- |

**निर्णय नं ३६.१७ :** मेलम्ची नगरपालिका मातहतको प्राथमिक स्वास्थ्य केन्द्र (नगर अस्पताल)को संचालन तथा व्यवस्थापनको लागि व्यवस्थापन समितिबाट सिफारिस भई माग भएको तपसिल बमोजिमको बजेट तपसिल बमोजिमको श्रोतबाट उपलब्ध गराउन आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल :

| सि.नं. | माग भएको बजेट शीर्षक | माग रकम रु. | बजेट उपलब्ध गराउने श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | अतिरिक्त समय कामकाज गरे वापतको अतिरिक्त सुविधा | ३३०००००।- | आगामी नगर सभाबाट श्रोत सुनिश्चित गराई उपलब्ध गराउने | २०,००,०००।- |

**निर्णय नं ३६.१८ :** मेलम्ची नगरपालिकाभित्रका वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक विद्यालयहरुमा ब्रोडब्याण्ड इन्टरनेट जडानको लागि नेपाल दुरसंचार प्राधिकरणको ग्रामिण दुरसंचार विकास कोषबाट संचालित कार्यक्रमको लागि यस नगर क्षेत्रभित्र कार्य गर्ने गरी Supply, Delivery, Installation, Commissioning and testing of Broadband services in designated location of Melamchi Municipality, Ward Offices, Community Helath Center and Community school of Melamchi Municipality through 12 Core Optical Fiber नामक कुल लागत अनुमान रु १,१३,४२,८५२।- (अक्षरेपी एक करोड तेह्र लाख बयालीस हजार आठ सय बाउन्न रुपैया मात्र) (भ्याट सहित) को विद्युतिय बोलपत्र राष्ट्रिय दैनिकमा आव्हान गरिएको थियो ।

उक्त प्रक्रियामा विद्युतिय बोलपत्रको विधिबाट सहभागि भएका बोलपत्रदातामध्ये न्यूनतम रुपमा सारभुत प्रभावग्राही बोलपत्रदाता श्री अल्ट्रानेट कम्युनिकेशन प्रा.लि. बनेपा, काभ्रेसँग कवोल रकम रु ६८,२६,३३०।–(अक्षरेपी अठसठ्ठी लाख छब्बीस हजार तीन सय तीस रुपैया मात्र) (भ्याट सहित) मा मिति २०७९/१०/०४ गते कार्य सम्पन्न गर्ने गरी मिति २०७९/०७/०४ गते सम्झौता भएको थियो ।

यसरी ब्रोडब्याण्ड इन्टरनेट सेवाको विस्तार तथा स्तरोन्नतीको लागि भएको सम्झौता बमोजिम बोलपत्रदाताबाट कार्य नभई पटक पटक मौखिक रुपमा जानकारी गराएको र दुई पटक मिति २०७९/१२/१५ गते र मिति २०८०/०६/०२ गते कार्य सम्पन्नको लागि ताकेता गर्दा समेत कुनै आधिकारिक जवाफ प्राप्त नभएकाले बोलपत्रदाताले सम्झौताको बखत पेश गरेको नविल बैंक लिमिटेड, धुलिखेलको बैंक जमानतमा उल्लेखित रकम रु १७,४९,०००।– (अक्षरेपी सत्र लाख उनान्चास हजार रुपैया मात्र) मेलम्ची नगरपालिका कार्यालयमा खिच्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ३६.१९ :** मेलम्ची नगरपालिकाभित्र रहेका अगुवा कृषकहरुसँग नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सरोकारवालाहरुबीच मिति २०८०/११/०३ गते मेलम्ची नगरपालिकाको सभाहलमा मेलम्ची क्लष्टर (बाँसवारी, फटकशिला, मेलम्ची, दुवाचौर, क्यौरानी, ज्यामिरे, शिखरपुर र तालामाराङ) का अगुवा कृषक भेला गराई छलफल गराउने र मिति २०८०/११/०१ गते मेलम्ची नगरपालिकाको पिप्लेमा सिन्धु क्लष्टर (भोटेचौर, ज्योतिषगाउँ, हैवुङ्ग, थकनी र सिन्धुकोट) का अगुवा कृषक भेला गराई **"कृषि तथा पशुपन्छी विकासमा नगरपालिकाको भुमिका"** विषयमा छलफल गराउने निर्णय गरियो ।

# अनुसूची-१

| क्र.सं. | माग पदको नाम | पदको तह | सेवा/समूह/उपसमूह | स्थायी/अस्थायी | आवश्यक न्यूनतम शैक्षिक योग्यता | | संक्षिप्त कार्यविवरण र उम्मदवारले सुरुमा काम गर्नुपर्ने जिल्ला | अघिल्लो दुई आ.व.मा माग भई पूर्ति हुन बाँकी पदसंख्या | | यस आ.व.मा माग भई नयाँ पद सृजना वा रिक्त भई माग गरिएको संख्या | | कुल माग पदसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुलाको लागि | बढुवाको लागि | | आ.व.२०७७/०७८ | आ.व.२०७८/०७९ | नयाँ पद सृजना | रिक्त | | |
| १ | प्राविधिक सहायक | पाचौँ | स्थानीय शिक्षा सेवा | स्थायी | लोक सेवा आयोगले तोके बमोजिम | | यस नगरपालिका क्षेत्र भित्र र तोके बमोजिमको कार्य विवरण | | | | १ | १ | |
| २ | सहायक | पाचौँ | स्थानीय प्रशासन/सामान्य प्रशासन | स्थायी | | | | | | | ८ | ८ | |
| ३ | महिला विकास निरीक्षक | पाचौँ | विविध समूह | स्थायी | | | | | | | १ | १ | |
| ४ | सब ईन्जिनियर | पाचौँ | स्थानीय इन्जिनियरिङ सेवा | स्थायी | | | | | | | २ | २ | |
| ५ | हेल्थ असिष्टेन्ट | पाचौँ | स्थानीय स्वास्थ्य सेवा | स्थायी | | | | | | | ५ | ५ | |